गौतमबुद्ध सन्देश
शान्ति र समृद्धिको संवाहक...
राष्ट्रिय दैनिक
www.gautambuddhasandesh.com
वर्ष ६ अंक: ९८५ २०७७ पुष ८ गते, बुधबार 23 Dec. 2020 Wednesday पृष्ठ संख्या: 8 मूल्य रु. : ५

सञ्चालित
रेडियो रिफ्लेक्सन FM 102
प्रधान कार्यालय:
नारायण पथ, भैरहवा
फोन नं.: ०७१-५२५४३२

## सिद्धार्थनगर ५, रुपन्देहीको
## तेश्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७७।०९।०८

यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७७।०९।०७ मा बसेको संचालक समितिको ५३ औं बैठकको निर्णयानुसार यस संस्थाको तेश्रो साधारण सभा देहायको बिषयमा छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि अनुरोध गरिन्छ।

**मिति :** २०७७ पौष २९ गते बुधबार, तदनुसार १३ जनवरी २०२१

**समय :** बिहान १०:०० बजे

**स्थान :** होटल पौवा, सिद्धार्थनगर ६, रुपन्देही

**छलफलका बिषयहरु :**

क) सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने बार्षिक प्रतिवेदन पारित गर्ने।

२. साविक मनकामना लघुवित्त वित्तीय संस्था लि. र साविक स्मार्ट लघुवित्त वित्तीय संस्था लि. को आर्थिक बर्ष २०७६/०७७ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने।

३. साविक स्मार्ट लघुवित्त वित्तीय संस्था लि. को आ.ब.२०७६/०७७ को कारोवारको लेखा परीक्षण गर्नका लागि नियुक्त लेखा परिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने।

४. मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. को आ.ब. २०७७/०७८ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने।

५. संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने ४ (चार) जना संचालकको निर्वाचन गर्ने।

**ख) बिशेष प्रस्तावहरु :**

१. संस्थाको नियमावलीको दफा २७ (२) मा संशोधन गर्ने।

२. प्रवन्धपत्रमा भएको व्यवस्था बमोजिम सर्वसाधारणका लागि छुट्याईएको ३,८९,००० कित्ता शेयरको प्राथमिक सार्वजनिक निष्काशन गर्ने।

३. नियमावलीमा गरिने संशोधन सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जन गर्न निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

४. यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य ईजाजतपत्रप्राप्त "घ" बर्गका लघुवित्त वित्तीय संस्थाहरुलाइ गाभ्न गाभिन वा प्राप्ति गर्न वा अन्य लघुवित्त वित्तीय संस्था संग गाभिन वा लागि उपयुक्त देखिएमा गाभ्ने, गाभिने वा प्राप्ति गर्ने निर्णय गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**ग) विविध।**

साधारणसभा सम्बन्धी थप जानकारी

१.बिद्यमान कोरोना महामारीका कारण स्वास्थ्य सम्बन्धि मापदण्डको पालना गर्दै न्युन उपस्थितिमा साधारण सभा गर्नुपर्ने भएकाले शेयरधनी महानुभावहरुलाई सकेसम्म भर्चुअल रुपमा सभामा उपस्थित हुनुहुन अनुरोध गरिन्छ। भर्चुअल रुपमा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई सभाको दुई दिन अघि लिंक, तथा पासवर्ड उपलब्ध गराइने भएकाले आफ्नो इमेल आइडी यस संस्थाको इमेल ठेगाना manakamanalbs@gmail.com उपलब्ध गराउनु हुन अनुरोध छ। भर्चुअल उपस्थितिलाई पनि आधिकारिक उपस्थिति मानिने छ।

वित्तीय संस्थाको बार्षिक साधारण सभा प्रयोजनको लागि शेयरधनी दर्ता पुस्तिकामा दर्ता भएका शेयरधनीहरुले मात्र बार्षिक साधारण सभामा भाग लिन पाउने छन्।

२.साधारणसभामा भाग लिनका लागि सूचनासाथ प्रेषित: प्रवेशपत्र सहित आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रुपमा लिई आउनु हुन सवै शेयरधनी महानुभावहरुलाई सूचित गरिन्छ।

३. यस वित्तीय संस्थाले आफ्नो वेब-साईट www.manakamanalbs.com मा साधारण सभामा पेश हुने बार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र सभासम्बन्धी सूचना डाउनलोड गरि लिनसक्नु हुनेछ।

४.साधारणसभामा भाग लिन, छलफल गर्न र मतदान गर्न प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ। यसरी प्रतिनिधी नियुक्त गरेको जानकारी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा ४८ घण्टा अगावै दिईसक्नुपर्नेछ।

५. प्रतिनिधि नियुक्त गर्दा एकजना भन्दा वढी नियुक्त गर्न सकिने छैन।

६.शेयरधनी महानुभावहरुको हाजिरी पुस्तिका सभा स्थलमा साधारणसभा हुने दिन विहान १०:०० वजेदेखि साधारणसभा समापन नहुन्जेल सम्म खुल्ला रहनेछ।

७.छलफलको विषय अन्तर्गत विविध शिर्षकमा छलफल गर्ने विषय बारे सभा हुनु भन्दा एकहप्ता अगावै कार्यालय समय भित्र अध्यक्षज्युलाई सम्बोधन गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ। उक्त विषयको औचित्य हेरी छलफलमा समावेश गरिएतापनि पारित हुने प्रस्तावको रुपमा भने समावेश गरिने छैन।

८. यसमा उल्लेख नभएको जानकारी सम्वन्धमा वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, कम्पनी ऐन तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ।

९. सभाले संस्थापक शेयरधनीको प्रतिनिधित्व हुने चार जना संचालकको चयन गर्ने भएकाले निर्वाचन सम्बन्धि कार्यक्रम संस्थाको वेभ-साईटमा सात दिन अघि राखिने शेयरधनीहरुलाई जानकारी गराइन्छ।

**आज्ञाले**

**कम्पनी सचिव**